वर्ष ९, अंक ३, असार

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ।।

# अपराध अनुसन्धान मासिक ई-बुलेटीन





नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग
नक्साल काठमाण्डौ

CRIME INVESTIGATION DEPARTMENT
CID
CREDIBILITY • DILIGENCE • INTEGRITY
NEPAL POLICE

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ – ६ |
| अपराध तथ्याङ्क | ७ - १४ |
| प्रहरी सेवा प्रवाह | १५ - १८ |
| खोजतलास तथा समन्वय | १९ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | २० - २१ |
| अपराध समाचार | २२ - २७ |
| उत्कृष्ट अनुसन्धान | २८ |
| सम्पादक मण्डल | २९ |

# विभागीय गतिविधिहरु

## प्रहरी अतिरिक्त महानिरीक्षकज्यूको स्वागत, दर्ज्यानी चिन्ह सुशोभन र Mission बाट फिर्ता हुनुभएका प्रहरी अधिकृतहरूको स्वागत कार्यक्रम सम्पन्न



*काठमाडौं, १९ असार*

मिति २०८३।०३।१९ गते प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. ज्यूलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा विभागीय प्रमुखको रूपमा स्वागत गरियो । प्रहरी अतिरिक्त महानिरीक्षकज्यूलाई अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यू, प्रहरी नायव महानिरीक्षक दिपक कुमार बस्नेतज्यू तथा प्रहरी नायव महानिरीक्षक ओम बहादुर रानाज्यू लगायत विभागका सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत लगायत सकल दर्जाका अन्य प्रहरी कर्मचारीहरूले स्वागत गर्नु भयो।

साथै प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी नायव निरीक्षक पदमा बढुवा हुनुभएका ५ जना प्रहरी कर्मचारीहरूलाई विभागीय प्रमुख डा.मनोज कुमार के.सी ज्यूद्वारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो।



United Nations Transitional Assistance Mission in Somalia (UNTMIS) बाट आफ्नो कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएको प्रहरी नायव उपरीक्षक चेतना पोखरेलज्यू र United Nations Interim Security Force for Abyei (UNISFA) बाट स्वदेश फिर्ता हुनुभएको **प्रहरी निरीक्षकद्वय सागर श्रेष्ठ** र **बिनोद श्रेष्ठ**ज्यूलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूद्वारा स्वागत कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृत एवं सकल दर्जा प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।



## प्रहरी नायव महानिरीक्षकज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, ०३ असार***

मिति २०८३।०३।०३ गते अपराध अनुसन्धान विभागबाट सरुवा भई सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी, कैलाली जानलाग्नु भएका प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराईज्यूलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरज्यूले मायाको चिनो सहित शुभकामना व्यक्त गर्नुभयो । प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराईज्यूले आफ्ना अनुभव एवं कार्य सम्पादन सम्बन्धी मन्तव्यका साथै सम्पूर्णलाई धन्यवाद व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा अन्य प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायब उपरीक्षकज्यूहरू, प्रहरी निरीक्षकज्यूहरू लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## प्रहरी अतिरिक्त महानिरीक्षकज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, १९ असार***

मिति २०८३।०३।१९ गते अपराध अनुसन्धान विभागबाट सरुवा भई काठमाण्डौ उपत्यका प्रहरी कार्यालय रानीपोखरी जानलाग्नु भएका प्रहरी अतिरिक्त महानिरीक्षक सुशिलसिंह राठौरज्यूलाई अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यू, प्रहरी नायव महानिरीक्षक दिपक कुमार बस्नेतज्यू तथा प्रहरी नायव महानिरीक्षक ओम बहादुर रानाज्यूले शुभकामना एवं मायाको चिनो प्रदान गर्नुभयो । सरुवाभै जानलाग्नु भएका प्रहरी अतिरिक्त महानिरीक्षकज्यूले आफ्ना अनुभव मन्तव्यका साथै उपस्थित सम्पूर्ण प्रहरी अधिकृतहरूलाई धन्यवाद व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक तथा प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृतहरू लगायत अन्य कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो ।

## UNITAR का प्रतिनिधिहरूसंग छलफल कार्यक्रम



***काठमाडौं, ३२ असार***

The United Nations Institute for Training and Research (UNITAR) र नेपाल प्रहरीको समन्वय तथा सहकार्यमा आयोजना भएको "Breaking Biases, Bending Barriers: Supporting Uniformed Women's Meaningful Participation in UN Peace Operations" नामक परियोजना अन्तर्गत Need Assessment प्रयोजनार्थ UNITAR का प्रतिनिधिहरूसंग मिति २०८३/०३/३२ गते (16 July 2026) नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. ज्यूद्धारा भेटघाट गरि बिषयगत छलफल गरिएको थियो । उक्त कार्यक्रममा UNITAR का प्रतिनिधिहरू Ms. Masa Dikanovic, Ms. Lorraine Serrano, Mr. Daniel De Torres र संजय विक्रम राणा तथा नेपाल प्रहरी प्रधान कार्यालय UN शाखा प्रमुख प्रहरी उपरीक्षक मोहन थापा र प्रहरी नायव उपरीक्षक छिरिङ्ग किप्पा लामाज्यूको समेत उपस्थिति रहेको थियो ।

## बिदाई तथा फेरी भेटौला कार्यक्रम सम्पन्न



***काठमाडौं, ०१ असार***

मिति २०८३।०३।०१ गते अपराध अनुसन्धान विभागबाट सरुवा भई जानलाग्नु भएका प्रहरी निरीक्षक निराजन सुनार प्रहरी प्रभाग बलम्वु काठमाण्डौ, प्रहरी निरीक्षक निरला भण्डारी प्रहरी प्रभाग कपन काठमाण्डौ र प्रहरी निरीक्षक स्वस्तीक शर्मा उपाध्याय ट्राफिक प्रहरी वृत्त कालिमाटी सरुवा हुनुभएका प्रहरी निरीक्षकहरूको विदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिलसिंह राठौरज्यूले मायाको चिनो सहित विदाई गर्नुभयो । उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायब उपरीक्षकज्युहरु र प्रहरी निरीक्षकज्यूहरू लगायत अन्य कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो ।

## बढुवा भएका प्रहरी कर्मचारीहरूको दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न



***काठमाण्डौ, असार २९ गते***

प्रहरी वरिष्ठ हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा भएका पन्ची माया कुस्वार र लोकनाथ भट्टराईलाई अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा.मनोज कुमार के.सी ज्यूद्वारा दर्ज्यानी चिन्ह प्रदान गरी दर्ज्यानी सुशोभन कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू र प्रहरी निरीक्षकज्यूहरूको पनि उपस्थिति रहेको थियो ।

## IT Training सम्पन्न



***काठमाडौं, असार ०४***


राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८३।०१।०३ गते देखि मिति २०८३।०३।०४ गतेसम्म संचालित **Special Training For IT Support Group** विषयक ९ औं समूहको तालिम सम्पन्न भयो । उक्त तालिममा प्रहरी हवल्दार ५ जना, प्रहरी सहायक हवलदार ७ जना र प्रहरी जवान २६ जनागरी जम्मा ३८ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । **Special Training For IT Support Group** विषयक ९ औं समूह सफलतापूर्वक सम्पन्न गरेको सहभागीहरूलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई तथा प्रमाणपत्र वितरण गर्नुहुँदै प्रशिक्षार्थीहरूले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन समेत दिनुभयो ।

## Crime & Criminal Information System तालिम सम्पन्न



***काठमाडौं, जेठ २७***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८३।०२।२८ गते देखि मिति २०८३।०३।१८ गतेसम्म सञ्चालित CCIS (Crime & Criminal Information System) विषयक ३९ औं समूहको तालिम सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १ जना, प्रहरी सहायक निरीक्षक ३ जना, प्रहरी वरिष्ठ हवल्दार २ जना, प्रहरी हवल्दार १ जना, प्रहरी सहायक हवल्दार ९ जना र प्रहरी जवान २१ जना गरी जम्मा ३७ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो। तालिम सफलतापूर्वक सम्पन्न गरेका सहभागीहरूलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई तथा प्रमाणपत्र वितरण गर्नुहुँदै प्रशिक्षार्थीहरूले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।



## गण्डकीमा अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न



*पोखरा, असार ०७ गते*

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग एवं गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको संयुक्त आयोजनामा **"एक दिवसीय प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३"** गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्र पाण्डेज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन भएको थियो।

गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्र पाण्डेज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन भएको उक्त गोष्ठीमा विभिन्न सरकारी निकायका प्रमुख एवम् प्रतिनिधिहरू, सञ्चारकर्मीज्यूहरू तथा तालुक कार्यालय र गण्डकी प्रदेश प्रहरी कार्यालय मातहत जिल्ला प्रहरी प्रमुखहरू, मुद्दा चल्ने प्रहरी एकाईका कार्यालय प्रमुखहरू र जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी कर्मचारीहरू सहभागिता रहेको थियो । उक्त समीक्षा गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनीज्यूबाट कार्यक्रमको औचित्य सहित स्वागत मन्तव्य, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलज्यू, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यू, कास्की जिल्ला अदालतका माननीय न्यायाधीश हिमलाल बेल्बासेज्यू, कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङज्यू, उच्च सरकारी वकिल कार्यालय, पोखराका उपन्यायधिवक्ता स्वतन्त्र न्यौपानेज्यू, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलज्यूबाट शुभकामना मन्तव्य तथा प्रमुख अतिथिज्यूबाट अभियोजन तथा न्यायिक निरुपण सम्बन्धमा समेत चर्चा गर्नुहुँदै अनुसन्धानका समसामयिक विषयवस्तुहरू उपर निर्देशन, सम्बोधन पश्चात प्रथम सत्रको कार्यक्रम समापन भएको थियो।

दोस्रो सत्रमा मातहत जिल्ला प्रहरी प्रमुखहरू, गण्डकी प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग तथा जिल्ला सरकारी वकिल कार्यालय कास्कीको तर्फबाट प्रस्तुतीकरण पश्चात उठेका जिज्ञासाहरूको सम्बोधन तथा अन्तरक्रिया छलफल सहित समीक्षा गोष्ठीको निष्कर्ष तयगरी २१ (एक्काइस) बुँदे प्रतिवद्धता पत्र जारी गरी नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूबाट निर्देशन सम्बोधन र प्रदेश प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक दिपेन्द्र जि.सी.ज्यूबाट धन्यवाद ज्ञापन पश्चात कास्कीस्थित नेपाल पर्यटन बोर्डको सभाहलमा गोष्ठी समापन भएको थियो।

## कर्णालीमा अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न



*कर्णाली, असार ११ गते*

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको संयुक्त आयोजनामा **"एक दिवसीय प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३"** कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री यामलाल कडेलज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन भएको थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय यामलाल कडेलज्यू, मुख्य न्यायधिवक्ताको कार्यालय सुर्खेतका मुख्य न्यायधिवक्ता कृष्ण बहादुर हमालज्यू, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक शुसिल सिंह राठौरज्यू, सुर्खेत जिल्ला अदालतका जिल्ला न्यायाधीश माननीय फणेश्वरी घिमिरेज्यू, उच्च सरकारी वकिल कार्यालय सुर्खेतका सह-न्यायधिवक्ता लक्ष्मी नारायण दाहालज्यू, जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीज्यू, प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राजिब बहादुर बस्नेतज्यू, प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष सिंह राठौरज्यू , नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ट उपरीक्षक मुकुन्द मरासीनीज्यू, कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगञ्ज) का प्रहरी वरिष्ठ उपरीक्षक श्याम कुमार महतोज्यू, जिल्ला सरकारी वकिल कार्यालय सुर्खेतका जिल्ला न्यायधिवक्ता तुलसा भण्डारीज्यू, जिल्ला प्रहरी कार्यालयका प्रमुखज्यूहरू, मुद्दा चल्ने ईलाका/वडा प्रहरी कार्यालयका प्रमुखज्यूहरू, मुद्दा चल्ने शाखा प्रमुखज्यूहरू, सञ्चारकर्मीज्यूहरूको उपस्थिति रहेको उक्त गोष्ठीमा अनुसन्धानको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरू पहिचान गर्नु, अनुसन्धानमा विभिन्न नविन विचारहरू अवलम्बन गर्नु, अनुसन्धानमा रहेका कानूनी तथा अन्य समस्याको पहिचान गरी सुधारका उपाय अवलम्बन गर्नु, साइबर कसूर र सम्पति शुद्धिकरण कसुरहरूको अनुसन्धान सम्बन्धी नवीन कानूनी व्यवस्था र अभ्यासका वारेमा जानकारी गराई कार्यान्वयनमा एकरुपता कायम गर्नु, अनुसन्धानको प्रभावकारिता अभिवृद्धीको लागि अनुसन्धानकर्ताहरू बिचमा समन्वयको विकास गर्नु, अनुसन्धानमा देखिएका समस्या र चुनौतीहरू सम्बोधन गर्नका लागि साझा धारणा विकास गर्नु यस अपराध अनुसन्धान समीक्षा गोष्ठीको मुख्य उद्देश्य रहेको थियो।

तीन चरणमा सम्पन्न भएको उक्त कार्यक्रममा पहिलो चरणमा समुदघाटन, दोस्रो चरणमा मन्तव्य र शुभकामना प्रदान तथा अन्तिम चरणमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम पश्चात छलफलमा उठेका विषयवस्तुको सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूबाट सान्दर्भिक जवाफ तथा निर्देशन सम्बोधन सहित कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक जयराज सापकोटाज्यूबाट धन्यबाद ज्ञापन पश्चात बीरेन्द्रनगर नगरपालिकाको कौशिक होटलको सभाहलमा समापन भएको थियो।

## धनगढीमा अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न




*धनगढी, असार १३ गते*

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीको संयुक्त आयोजनामा आयोजित प्रदेश स्तरीय **"(एकदिवसिय) अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३"** को समुदघाटन कार्यक्रम धनगढी उपमहानगरपालिका ०२ स्थित सिद्धार्थ कटेज धनगढीमा प्रदेश सरकारका मुख्यमन्त्री माननीय कमल बहादुर शाहज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन भएको थियो।

सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय हिरा सार्की , नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक शुसिल सिंह राठौर ज्यू, कैलाली जिल्ला अदालतका माननीय न्यायधिश श्रीमान् भुवन सिंह थापा, प्रदेश प्रहरी कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराई ,कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी, कैलाली जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायधिवक्ता लोक बहादुर रावल, सुदूरपश्चिम प्रदेश सरकार धनगढीका शाखा अधिकृत भेष बहादुर गुरुङ, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी उपरीक्षक गोबिन्द पुरी तथा विभिन्न प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षकहरू, प्रहरी निरीक्षकहरू, जुनियर अधिकृत तथा अन्य प्रहरी कर्मचारीहरू लगायत सञ्चारकर्मीहरूको उपस्थितिमा नेपाल प्रहरीको अपराध अनुसन्धानको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरू पहिचान गर्न, अनुसन्धानमा बिभिन्न नवीनतम प्रबिधिहरू अवलम्बन गर्न, अनुसन्धानमा रहेका कानूनी तथा अन्य समस्याको पहिचान गरी सुधारका उपायहरू अवलम्बन गर्न, सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनी ब्यवस्था र अभ्यासको बारेमा जानकारी गराई कार्यान्वयनमा एकरुपता कायम गर्न, साइबर अपराध अनुसन्धानको प्रभावकारिता बृद्धि गरी अनुसन्धानका क्षेत्रहरू बिस्तार गर्न, अनुसन्धानको प्रभावकारिता अभिवृद्धिका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताहरू बिचमा समन्वयको विकास गर्न, अनुसन्धानमा देखिएका समस्या र चुनौतीहरूको सम्बोधन गर्न साझा अवधारणा विकास गर्ने उद्देश्यका साथ नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूबाट सान्दर्भिक जवाफ तथा निर्देशन सम्बोधन तथा प्रदेश प्रहरी कार्यालय धनगढीका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराईज्यूबाट धन्यबाद ज्ञापन पश्चात पदाधिकारीज्यूहरूको समुपस्थितिमा अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न भएको थियो।

## लुम्बिनीमाअपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न



*बुटवल, असार १५ गते*

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र लुम्बिनी प्रदेश प्रहरी कार्यालय बुटवलको संयुक्त आयोजनामा आयोजित **"प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३"** को समुदघाटन कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुशिल सिंह राठौरज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन भयो।

उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, प्रदेश प्रहरी कार्यालय भैरहवा, जिल्ला सरकारी वकिल कार्यालय रुपन्देही, उच्च सरकारी वकिल कार्यालय बुटवल र लुम्बिनी प्रदेश प्रहरी कार्यालय मातहतका १२ वटै जिल्ला प्रहरी कार्यालय प्रमुखहरूबाट अपराध अनुसन्धान र यसका समस्या चुनौती तथा समाधानका विषयमा प्रस्तुतीकरण गरिएको, उक्त गोष्ठीमा ४० वटै मुद्दा चल्ने प्रहरी कार्यालयबाट कार्यालय प्रमुख तथा अनुसन्धान अधिकृतहरूको उपस्थिति रहेको, कार्यक्रममा प्रमुख अतिथि प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुशिल सिंह राठौरज्यूले अपराध अनुसन्धान गोष्ठीको पूर्ण सफलताको कामना गर्दै अपराध अनुसन्धानको क्षेत्रमा सबल रहेको नेपाल प्रहरीलाई आगामी दिनमा थप साधनश्रोत सम्पन्न बनाई अपराध अनुसन्धानलाई अझ प्रभावकारी बनाउने बताउनु भएको, उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनीज्यूले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै औचित्य सहित मन्तव्य राख्नु भएको थियो। विभिन्न सरकारी

तथा सामाजिक संघसंस्थाका प्रमुखहरूको समेत उपस्थिति रहेको उक्त गोष्ठीमा अपराध अनुसन्धानको प्रभावकारिता, कानून कार्यान्वयनमा देखिएको कठिनाइ, कसुरको अनुसन्धान र अभियोजनमा देखिएका चुनौती तथा अनुसन्धानकर्ता र अभियोजनकर्ता बिच समन्वय विषयमा जिल्ला न्यायाधिवक्ता श्री प्रकाश मरासिनीले आफ्नो भनाई राख्नु भएको, लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक भूपेन्द्र बहादुर खत्री ज्यूले अपराधका नयाँ प्रवृती र अपराधमा प्रयोग भएका प्रविधिले अपराध अनुसन्धानमा ठुलो चुनौती सृजना गरेको, यस्ता समस्याको समाधान गरी सांगठनिक उद्देश्य प्राप्तिका लागि गोष्ठीले महत्वपूर्ण भूमिका खेल्ने अभिव्यक्त गर्दै उपस्थित प्रमुख अतिथि तथा अन्य अतिथिहरू लगायत गोष्ठीमा सहभागी सम्पूर्ण प्रहरी अधिकृतहरूलाई धन्यवाद ज्ञापन गर्नुका साथै छलफल अन्तरक्रियामा उठेका विषयवस्तुहरू प्रष्ट पार्नुभएको थियो। नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुशिल सिंह राठौरज्यूले अपराध अनुसन्धान गर्ने तल्लो एकाइमा वास्तविक अनुसन्धानमा देखिएका समस्याको बारेमा जानकारी लिने र समस्या समाधानमा यस गोष्ठीले पुलको काम गर्ने बताउँदै अपराधका प्रकृति र प्रवृत्ति परिवर्तित हुँदै गइरहेको हुँदा प्रहरीको अबको कसूर अनुसन्धानमा प्रभावकारिता ल्याउने उद्देश्यका साथ प्राप्त श्रोत साधनहरूको अधिकतम उपयोग गरी अनुसन्धानको कार्यलाई कानुनी परिधि भित्र रही वैज्ञानिक, प्रमाणमुखी र पीडित मैत्री बनाउन गोष्ठीमा उपस्थित सम्पूर्ण प्रहरी प्रमुखहरूलाई निर्देशन दिनुभएको थियो। साथै आपराधिक घटनाको उत्कृष्ट अनुसन्धान गर्ने जिल्ला प्रहरी कार्यालय बाँकेका कार्यालय प्रमुख प्रहरी उपरीक्षक अंगुर जि.सी.लाई **"Lumbini Province Best Investigation Award-२०८३"** बाट पुरस्कृत गरिएको थियो। उक्त समीक्षा गोष्ठी लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल रुपन्देहीको बहुउद्देश्यीय सभाहलमा सम्पन्न भएको थियो।

## "Digital Action Dialogue" परिसंवाद कार्यक्रम सम्पन्न



*काठमाडौं, १९ असार*

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत अपराध अनुसन्धानमा डिजिटल प्रविधिको प्रयोगलाई प्रभावकारिता प्रदान गर्ने उद्देश्यले नेपाल प्रहरी प्रधान कार्यालयमा **"Digital Action Dialogue, 2026"** परिसंवाद कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रहरी महानिरीक्षक दान बहादुर कार्कीज्यूले यस परिसंवाद नेपालमा सुरक्षित, विश्वसनीय र उत्तरदायी डिजिटल वातावरण निर्माणगर्ने दिशामा कोसेढुङ्गो साबित हुनेछ र कार्यक्रमबाट उत्पन्न ठोस व्यावहारिक तथा कार्यान्वयन योग्य निष्कर्षहरूले नेपालको साइबर सेक्युरिटी इकोसिस्टम तथा नेपाल प्रहरीको डिजिटल इन्भेस्टिगेसन क्षमतालाई अझ प्रभावकारी, उत्तरदायी र प्रमाणमुखी बनाउनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। नागरिकको विश्वास नै प्रहरी संगठनको सबैभन्दा ठुलो पुँजी रहेको चर्चा गर्दै डिजिटल युगमा नागरिकको विश्वास कायम राख्न प्रविधिमैत्री, पारदर्शी, जवाफदेही र नागरिकमैत्री सेवा प्रवाहलाई प्रहरीले निरन्तर परिष्कृत गर्दै लगिरहेको बताउनु भएको थियो।


प्रहरी महानिरीक्षक कार्कीले साइबर अपराध विरूद्धको लडाई कुनै एक निकायको एकल प्रयासबाट मात्रै सम्भव नहुने, बैंकिङ तथा भुक्तानी प्रणालीको तथ्याङ्क समयमै प्राप्त नहुँदा शंकास्पद कारोबार तत्काल रोक्का हुन नसक्दा र भरपर्दो एवम् छरितो सूचनाको आदान प्रदानको अभावमा अपेक्षित परिणाम हासिल गर्न नसकिने उल्लेख गर्दै वित्तीय संस्था तथा भुक्तानी सेवासँग समयमै तथ्याङ्क आदान प्रदान, दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायकसँग समन्वय एवम् नियामक निकायहरूसँग हुने नीतिगत समन्वयको सुदृढ खाका निर्माण नै आजको प्रमुख आवश्यकता रहेको बताउनुभयो। साइबर सुरक्षा विज्ञ, अनुसन्धानकर्ता र प्राज्ञिक क्षेत्रसँगको सहकार्यले विश्वव्यापी असल अभ्यास र थ्रेट इन्टेलिजेन्समा पहुँच दिलाउने समेत बताउनुभएको थियो।

# अपराध तथ्याङ्क


**उपत्यका र प्रदेशगत पाँच आ.व.को मुद्दादर्ता र फछ्र्यौट संख्या**
**(आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)**



## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक (असार) मुद्दादर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दादर्ता संख्या (वैशाख - असार)




मासिक ई-बुलेटिन


## उपत्यका र प्रदेशको शिर्षक अनुसारको मासिक (असार) मुद्दादर्ता संख्या





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक (असार) तथ्याङ्क




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक (असार) मुद्दादर्ता तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असार) मुद्दादर्ता संख्या




## गम्भीर अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असार) मुद्दादर्ता संख्या




## सम्पत्ति शुद्धिकरणको उपत्यका र प्रदेशगत मासिक (असार) मुद्दादर्ता संख्या




## २०८३ साल असार महिनाको कूल घरेलु हिंसा सम्बन्धी विवरण





## २०८३ साल असार महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्त पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/ब्यूरोको नाम | पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५३७ | १६८ वर्ष ० महिना २१ दिन | ४३५४१०२३ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३२९ | ११३ वर्ष ७ महिना १४ दिन | ९५२५९६४ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ८४८ | ३३० वर्ष ९ महिना १० दिन | १३५०५७१२ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २०१ | २०१ वर्ष १० महिना ० दिन | ४०१६२११४ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ११६ | २९ वर्ष ०८ महिना १७ दिन | २५९०८६३८ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ५३१ | ३१० वर्ष ७ महिना ११ दिन | १२४०४९६५ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५६ | ५४ वर्ष ०८ महिना १७ दिन | २२८३४३६ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ११० | ८९ वर्ष ०३ महिना १६ दिन | ४०५१९९० |
| ९. | केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट | १९ | ५ वर्ष ५ महिना ०१ दिन | १२३५१५२०० |
| जम्मा | | २७४७ जना | १३०४ वर्ष ० महिना १७ दिन | रु.२७,४८,९९,०४२।- |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असार) मुद्दादर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक (मासिक) तथ्याङ्क




## साइबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असार) उजुरी, मुद्दादर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८३ साल असार महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८३ साल असार महिनामा चालचलन शाखाको प्रगति विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | वितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १८२८२१ | १५५१६७ |
| २ | तालुक गृह मन्त्रालयबाट आपराधिक अभिलेख चेकजाँचको लागि प्राप्त विदेशी तथा नेपाली नागरिकहरू | २२ | २२ |
| ३ | अध्यागमन विभाग कार्य सहमति शाखा | ६५३ | ६३५ |
| ४ | नागरिक उड्डयन प्राधिकरण | ३७ | ३६ |
| ५ | राजदुतावासहरूबाट प्राप्त (अपराधिक अभिलेख) | ११४ | ११३ |
| ६ | औंठाछाप प्रमाणीकरण | ७९ | ७९ |
| ८ | अन्य | ७ | ७ |
| जम्मा | | १८३८०३ | १५६०५९ |

## सामुदायिक प्रहरी गतिविधि


२०८३ साल असार महिनामा सामुदायिक प्रहरी शाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी अन्तर्गत गठित समितीहरू र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा **असार** महिनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम गतिविधिहरू :

**(गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ अन्तर्गत कार्यक्रमहरू)**




# आसरा सुधार केन्द्र रानीवारी

## २०८३ साल असार महिनामा उपचारार्थ लागू औषध सेवनकर्ताहरूको संख्या




# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८३ साल असार महिनामा उपचारार्थ लागू औषध सेवनकर्ताहरूको संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८३ साल असार महिनामा उपचारार्थ लागू औषध सेवनकर्ताहरूको संख्या





## २०८३ साल असार महिनामा नेपालमा रहेका विदेशी नागरिकहरूको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यू | ०५ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १०४ जना |
| ३. | हराएका विदेशी नागरिकहरू | ० जना |
| ४. | उद्दार गरिएका विदेशी नागरिकहरू | ० जना |
| ५. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरूको विवरण | ८४,७९२ जना |
| ६. | विदेशी नागरिकहरू पक्राउ गरी थप कारबाहीका लागि अध्यागमन कार्यालय पठाईएको | २८ जना |

# खोजतलास तथा समन्वय

## २०८३ साल असार महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरूको विवरण




## २०८३ साल असार महिनामा बेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८३ सालको असार महिनामा विभिन्न १९ वटा मुद्दा शीर्षक (अभौतिक मुद्रा, चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, विद्युतीय कसुर, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाइन ठगी, बेवारिसे लास, भवितव्य ज्यान, लागू औषध) अन्तर्गत ९३ वटा मुद्दाको ४९२ वटा सबुतहरू परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ असार महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी एकाइहरू तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरूबाट माग भई आएका Operational Data दूरसंचार सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरूलाई उपलब्ध गराएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८३/०३/०१ गतेदेखि २०८३/०३/३२ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरूबाट परीक्षणको लागि **६७४** केशहरूको **४४४७** नमूनाहरू प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरू समेत गरी **४२०** केशहरूको **३९४३** नमूनाहरू परीक्षण गरिएको, **५८६४** केशहरूको **२३८९९** नमुनाहरू पेण्डिङ रहेको ।
- मिति २०८३/०३/०१ गतेदेखि २०८३/०३/३२ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा **AFIS को Software बिग्रिएकोले Data प्राप्त नभएको ।**
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान सुनसरीबाट २०८३/०३/०१ गतेदेखि २०८३/०३/३२ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरूबाट परीक्षणको लागि **३३९** केशहरूको **११८४** नमूनाहरू प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरू समेतगरी **४०२** केशहरूको **१२८२** नमूनाहरू परीक्षण गरिएको, **४४५** केशहरूको **१६४९** नमुनाहरू पेण्डिङ रहेको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८३/०३/०१ गतेदेखि २०८३/०३/३२ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरूबाट परीक्षणको लागि **७९** केशहरूको **२२७** नमूनाहरू प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरू समेत गरी **६९** केशहरूको **१८३** नमूनाहरू परीक्षण गरिएको, **१६२** केशहरूको **४८०** नमुनाहरू पेण्डिङ रहेको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८३ साल असार महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### श्रीमतीको हत्या गरी फरार रहेका व्यक्ति पक्राउ

*रौतहट, ११ असार*

आफ्नै श्रीमती ३२ वर्षीया आरति देवी यादवको हत्या गरी फरार रहेका फतुवा विजयपुर नगरपालिका-६ पेटभर्वा टोल बस्ने ४२ वर्षीय महन्थ राय यादवलाई प्रहरीले पक्राउ गरेको छ। २०८२ फागुन ३ गते धारिलो हतियार बन्चरो प्रहार गरी आरतिको हत्या गरी फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले फतुवा विजयपुर नगरपालिका-८ विजयपुरबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै आमाको हत्या गरेको अभियोगमा पक्राउ

*भक्तपुर, १३ असार*

आफ्नै आमा ४० वर्षीया मेघिया चौधरीको हत्या गरेको अभियोगमा सूर्यविनायक नगरपालिका-९ भातेढिकुर चोक बस्ने उदयपुर कटारी नगरपालिका-५ घर भएका २४ वर्षीय किरण चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। किरणले कुटपिट गर्दा मेघिया गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको छ। गम्भीर घाइते भएकी मेघियाको पाटन अस्पताल ललितपुरमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*बाँके, १५ असार*

आफ्नै दाइ २५ वर्षीय मनोज चौधरीको हत्या गरेको अभियोगमा कोहलपुर नगरपालिका-४ गोहवा बस्ने २० वर्षीय बिनोद चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। बिनोदले कुटपिट गरी मनोजको हत्या गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कोहलपुर र प्रहरी बिट मदनचोकबाट खटिएको प्रहरीले उनलाई कोहलपुर नगरपालिका-१५ गोहवाबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

*रौतहट, २४ असार*

ईशनाथ नगरपालिका-३ औरैया बस्ने ६० वर्षीय बुटन साहको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ६३ वर्षीय रामाऔतार साह र उनकै छोरा २६ वर्षीय राम महेश्वर साहलाई प्रहरीले पक्राउ गरेको छ। ईशनाथ नगरपालिका-३ औरैया बस्ने ८० वर्षीय राम बहादुर साह, उनकै छोरी ज्वाई बुटन साह तथा रामाऔतार र राम महेश्वर बिच जग्गाको विषयमा झै-झगडा तथा कुटपिटको क्रममा राम महेश्वरले चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका बुटनको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहट समेतबाट खटिएको प्रहरीले घटनामा संलग्न रामाऔतार र राम महेश्वरलाई पक्राउ गरेको हो। साथै घाइते भएका राम बहादुरको स्थानीय मेडिकलमा उपचार भइरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### सामाजिक सञ्जालमा खुकुरी देखाई कुटपिट गरेको भिडियो पोस्ट गर्ने व्यक्ति पक्राउ

*दाङ, ३ असार*

सामाजिक सञ्जालमा खुकुरी देखाई डराई धम्काई कुटपिट गरेको भिडियो पोस्ट गरेको अभियोगमा तुलसीपुर उपमहानगरपालिका-२ भंके बस्ने २४ वर्षीय रमेश ठाडा मगरलाई  प्रहरीले पक्राउ गरेको छ। मगरले पीडित युवतीलाई जंगलमा लगी खुकुरी देखाई डराई धम्काई कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेपछि इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। साथै प्रहरीले उनको घरबाट नियन्त्रित लागूऔषध Pregamax १ ट्याब्लेट, Trohmo ४१ ट्याब्लेट, Antikop २ ट्याब्लेट र Nitrazohm ५ ट्याब्लेट फेला पारी बरामद गरेको छ। साथै प्रहरीले आवश्यक अनुसन्धानको लागि १ जनालाई समेत नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### बाह्य मुलुकतर्फ लैजान लागेको विदेशी मुद्रा सहित दुई जना पक्राउ

*काठमाडौं*, ३ असार

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाबाट बाह्य मुलुकतर्फ लैजान लागेको विभिन्न विदेशी मुद्रा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सुनसरी घर भएका ४० वर्षीय बेचन मिया र चिनियाँ नागरिक ५१ वर्षीय YO YOULONG रहेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले कतार एयरको उडानद्वारा काठमाडौंबाट कतार जान लागेका बेचनको साथबाट कतारी रियाल ४२ हजार ४ सय र चाइना ईष्टर्नको उडानद्वारा काठमाडौंबाट चीन जान लागेका YO YOULONG को साथबाट अमेरिकी डलर ७ हजार ५ सय फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### प्रहरी हुँ भनि धम्काउने व्यक्ति पक्राउ

*काठमाडौं ,५ असार*

प्रहरी हुँ भनी धम्काउने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३ बस्ने ४७ वर्षीय शैलेश डंगोललाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-३२ पुटबल ग्राउण्डस्थित प्रहरीले प्रयोग गर्ने Walkie-Talkie सेट देखाई प्रहरी हुँ भनि धाक धम्की दिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रभाग काँडाघारीबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई पक्राउ गरेको हो । उनी उपर काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अनलाइन ठगी तथा क्रिप्टो कारोबारमा संलग्न पाँच जना पक्राउ

*काठमाडौं, २९ असार*

अनलाइन ठगी तथा क्रिप्टो कारोबारमा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं कोटेश्वर बस्ने महोत्तरी रामगोपालपुर नगरपालिकासुभाष कुमार वर्षीय घर भएका २१ ९- वर्षीय मण्डल तथा बंगलादेशी नागरिकहरू २५MD JUBAYER AHAMED, २६ वर्षीय MD NUR ALOM, २४ वर्षीय MD NASIM MIA र २७ वर्षीय MD RANI KAMAL रहेका छन् । साइबर ब्युरोबाट खटिएको प्रहरीले उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरबाट बंगलादेशतर्फ प्रस्थान गर्ने क्रममा पक्राउ गरेको हो।

प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले सामाजिक सञ्जाल फेसबुकमा आकर्षक रोजगारी सम्बन्धी विज्ञापन प्रकाशित गरी "कतारस्थित कम्पनीमा अन्तर्वार्ता बिना नै प्रत्यक्ष रोजगारी प्राप्त गर्न सकिने" भन्ने भ्रामक तथा प्रलोभनपूर्ण प्रचारमार्फत सेवाग्राहीलाई शङ्कास्पद मोबाइल एप डाउनलोड तथा प्रयोग गर्न लगाई विद्युतीय माध्यमबाट बैंक खातामा रहेको रकम अनधिकृत रूपमा अन्य खाताहरूमा स्थानान्तरण गरी ठगी गरेको खुल्न आएको छ । साथै अनुसन्धानको क्रममा निजहरूले अनलाईन ठगी र अवैधानिक BINANCE मार्फत Crypto, USDT कारोबार समेत गर्ने गरेको खुल्न आएको छ । उनीहरू उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*भक्तपुर ,९ असार*

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भक्तपुर गठ्ठाघर बस्ने सुनसरी धरान उपमहानगरपालिका-४ घर भएका ३८ वर्षीय भीम बहादुर राईलाई प्रहरीले पक्राउ गरेको छ । राईले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*मोरङ, १६ असार*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मिक्लाजुङ गाउँपालिका-६ बस्ने २७ वर्षीय खगेन्द्र कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । खगेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय मधुमल्लाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पाल्पा, २८ असार*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रामपुर नगरपालिका-४ खोप्टार बस्ने नवलपरासी पूर्व बौदीकाली गाउँपालिका-३ नयाँछाप घर भएका २२ वर्षीय आकाश पुलामी मगरलाई प्रहरीले पक्राउ गरेको छ।

आकाशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय रामपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*इलाम, ३१ असार*

*११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चुलाचुली गाउँपालिका-३ बस्ने ३२ वर्षीय राज कुमार मगर र झापा कमल गाउँपालिका-५ घर भएका ५३ वर्षीय डिल्ली प्रसाद दुलाललाई प्रहरीले पक्राउ गरेको छ।*

*चुलाचुली गाउँपालिका-५ शिखर कटेरी बस्ने ६० वर्षीय पाराङ तामाङ, राज कुमार र डिल्ली प्रसादले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी पेल्टीमारीबाट खटिएको प्रहरीले उनीहरू मध्ये राज कुमार र डिल्ली प्रसादलाई पक्राउ गरेको हो। प्रहरीले हाल फरार पाराङको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।*

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बाँके,६ असार*

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कोहलपुर नगरपालिका-१५ चौधरिया गाउँ बस्ने ३० वर्षीय शिवा थारूलाई प्रहरीले पक्राउ गरेको छ । शिवाले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## लागु औषध सम्बन्धी

### फार्महाउसको आवरणमा लागूऔषधको कारोबारमा संलग्न १३ जना पक्राउ

*काठमाडौं, १ असार*

फार्महाउसको आवरणमा अवैध लागूऔषधको कारोबारमा संलग्न रहेको अभियोगमा काठमाडौंको टोखा र चन्द्रागिरीमा फार्महाउस संचालन गर्दै आएका १३ जनालाई लागूऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा नुवाकोट किस्पाङ गाउँपालिका-२ घर भएका २२ वर्षीय निमा तामाङ, २३ वर्षीय बिक्रम लामा, रूपन्देही बुटवल उपमहानगरपालिका-७ घर भएका २९ वर्षीय सागर बुढाथोकी, भक्तपुर मध्यपुर थिमि नगरपालिका-४ घर भएका ४५ वर्षीय उद्धव श्रेष्ठ, भक्तपुर चाँगुनारायण नगरपालिका-७ घर भएका २७ वर्षीय विकास काफ्ले, सिन्धुली फिक्कल गाउँपालिका-४ घर भएकी ३२ वर्षीया माया विशङ्खे, कालिकोट पलता गाउँपालिका-३ घर भएका २६ वर्षीय खड्क रोकया, २७ वर्षीया कमला थामी, बाजुरा स्वामिकार्तिक खापर गाउँपालिका-१ घर भएकी २९ वर्षीया मेनुका थामी, बारा जीतपुर सिमरा उपमहानगरपालिका-७ घर भएका ३४ वर्षीय प्रदिप भन्ने सञ्जय साह सोनार, पर्सा बहुदरमाई नगरपालिका-९ घर भएका ३६ वर्षीय प्रमोद प्रसाद कलवार, काठमाडौं महानगरपालिका-१६ घर भएकी ४० वर्षीया मोनिका श्रेष्ठ र सोही महानगरपालिका-७ घर भएकी २९ वर्षीया सुशिला महर्जन रहेका छन्। प्रहरीले नियन्त्रित लागूऔषध ट्रामाडोल २ लाख ९ हजार ट्याब्लेट, बुप्रेनोर्फिन, डाईजेपाम र फेनारगन गरी जम्मा २ हजार ४ सय एम्पुल, नगद ७ लाख ८७ हजार ५ सय रूपैयाँ र मोबाइल २८ थान बरामद गरेको छ। प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले भारतबाट लागूऔषध खरिद गरी ल्याई आफ्नो फार्महाउस परिसरको जमिनमा खाडल भित्र लुकाई संञ्चय गरी माग बमोजिम बजारमा बिक्री गर्दै आएको खुल्न आएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १ सय ९ किलो गाँजा सहित एक जना पक्राउ

*पर्सा, ३ असार*

वीरगंज महानगरपालिका-२१ स्थित ड्राईपोर्ट परवानीपुर सडकखण्डबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ १ सय ९ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक बाहबिसे नगरपालिका-२ बस्ने ३० वर्षीय सुभाष थामी र २८ वर्षीय छत्र बहादुर थामी रहेका छन्।

इलाका प्रहरी कार्यालय पोखरिया तथा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरीले पथलैयाबाट वीरगंजतर्फ आउँदै गरेको बा १९.च ५७३८ नम्बरको बोलेरो तलासी गर्दा प्लाष्टिकले बेरिएको ८ वटा पोकामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारी चालक सुभाष र बोलेरोमा सवार छत्र बहादुरलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषध खैरो हेरोइन सहित एक जना पक्राउ

*झापा, ३ असार*

मेचीनगर नगरपालिका-६ काँकरभिट्टा बजारबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ ग्राम २ सय मिलिग्राम सहित सोही नगरपालिका-१४ दुवागढी बस्ने २३ वर्षीय गोपाल मलाहालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ३ सय ७० किलोग्राम गाँजा बरामद

*पर्सा, ४ असार*

छिपहरमाई गाउँपालिका-१ मिर्जापुरबाट अवैध लागूऔषध गाँजा करिब ३ सय ७० किलोग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी मिर्जापुरबाट खटिएको प्रहरीले सोही ठाउँस्थित नहरको खाल्डोमा लुकाईछिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषध ब्राउनसुगर सहित दुई जना पक्राउ

*ताप्लेजुङ ,४ असार*

फुङलिङ नगरपालिका-४ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम २ सय ४० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २३ वर्षीय सचिन लिम्बु र पाँचथर हिलिहाङ गाउँपालिका-२ सिंहपुर बस्ने २१ वर्षीय रोशन लिम्बु रहेका छन्। जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरीले सचिनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी दुबै जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### एक महिनाको अवधिमा २ हजार १ सय ८२ जना फरार प्रतिवादीहरू पक्राउ

*काठमाडौं ,११ असार*

नेपाल प्रहरीले गत जेठ महिनामा देशभरबाट विभिन्न मुद्दाका २ हजार १ सय ८२ जना फरार प्रतिवादीहरूलाई पक्राउ गरेको छ। जसमध्ये केन्द्रीय अनुसन्धान ब्युरोबाट १७ जना, काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट ३ सय २६ जना, कोशी प्रदेशबाट ३ सय ५ जना, मधेश प्रदेशबाट ५ सय ३९ जना, बागमती प्रदेशबाट ३ सय ६० जना, गण्डकी प्रदेशबाट १ सय ३२ जना, लुम्बिनी प्रदेशबाट ३ सय २० जना, कर्णाली प्रदेशबाट ६३ जना र सुदूरपश्चिम प्रदेशबाट १ सय २० जना पक्राउ परेका हुन्। उक्त अवधिमा पक्राउ परेका प्रतिवादीहरूलाई तोकिएको ८ सय ७ वर्ष १ महिना १३ दिन कैद सजाय कार्यान्वयनमा आएको छ। साथै उनीहरूबाट २३ करोड ४४ लाख ४३ हजार ८ सय ९१ रूपैयाँ जरिवाना असुल उपर गरिएको छ। फैसला कार्यान्वयन तथा फरार अभियुक्त पक्राउलाई प्रहरीले उच्च प्राथमिकतामा राखी कार्य गरिरहेको छ। कर्तव्य ज्यान, लागूऔषध, जबरजस्ती करणी, बैंकिङ कसुर, ठगी लगायतका

विभिन्न मुद्दामा फैसला ठहर भई फरार रहेका प्रतिवादी पक्राउ गर्ने सन्दर्भमा नेपाल प्रहरीले विशेष अभियान संचालन गरी कार्य गर्दै आइरहेको छ ।

## १८ हजार ट्याब्लेट ट्रामाडोल बरामद

*सुनसरी ,११ असार*

देवानगंज गाउँपालिका-२ मरीया खोला नजिकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १८ हजार ट्याब्लेट प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय देवानगंजबाट खटिएको प्रहरीलाई देख्नासाथ घुस्कीबाट देवानगंजतर्फ आउँदै गरेको को.२२ प २८१७ नम्बरको मोटरसाइकल पछाडि चालक फरार भएपश्चात मोटरसाइकल तलासी गर्दा मोटरसाइकलको पछाडी बाँधेको बोरामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ७ सय ७५ किलो गाँजा सहित ट्रक चालक पक्राउ

*धनकुटा, १५ असार*

साँगुरीगढी गाउँपालिका-६ कोलबोटेबाट अवैध लागूऔषध गाँजा करिब ७ सय ७५ किलोग्राम सहित पाख्रीबास नगरपालिका-१ सान्ने घर भई सुनसरी इटहरी उपमहानगरपालिका-१ आँपगाछी बस्ने ३३ वर्षीय परिक्षण कुँवरलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले धनकुटाबाट धरानतर्फ जाँदै गरेको को.१ ख ४६३५ नम्बरको मिनी ट्रकलाई जाँच गर्ने क्रममा ट्रकको ढाला भित्र प्लास्टिकमा सेतो टेपले प्याक गरेको २५ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक परिक्षणलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध खैरो हेरोइन र कटुवा पेस्तोल सहित भारतीय नागरिक पक्राउ

*सिराहा, १९ असार*

नवराजपुर गाउँपालिका-५ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय १५ ग्राम २० मिलिग्राम, कटुवा पेस्तोल १ थान र सोही पेस्तोलको गोली २ राउण्ड सहित भारत मधुवनी बिहार ग्राम पञ्चायत बिरपुर-३ ठेगाना भएका ३५ वर्षीय अब्दुल कलामलाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय सिराहा र इलाका प्रहरी कार्यालय महेशपुरबाट खटिएको प्रहरीले उक्त स्थानमा ४ जनाको समूहले लागूऔषध कारोबार गर्दै गरेको अवस्थामा फेला पारी नियन्त्रणमा लिने क्रममा प्रहरीलाई लक्षित गरी कटुवा पेस्तोलबाट फायर गरेपश्चात प्रहरीले आत्मरक्षाको लागि फायर गर्दा अब्दुल घाइते भएका थिए । घाइते भएका अब्दुलको प्रादेशिक अस्पताल सिराहामा उपचार भइरहेको छ । प्रहरीले हाल फरार ३ जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब १ सय ७५ किलो गाँजा सहित एक जना पक्राउ

*धनकुटा, २१ असार*

महालक्ष्मी नगरपालिका-६ माङमायाबाट अवैध लागूऔषध गाँजा करिब १ सय ७५ किलो ५ सय ७० ग्राम सहित सोही नगरपालिका ४-बस्ने १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी लेगुवाबाट खटिएको प्रहरीले चानुवाबाट लेगुवातर्फ आउँदै गरेको को.२ त ४८९८ नम्बरको ट्याक्टरलाई जाँच गर्दा २२ वटा बोरामा लुकाई छिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी ट्याक्टरमा सवार उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## महोत्तरी र पर्साबाट करिब ५ सय ८९ किलो गाँजा सहित तीन जना पक्राउ

*काठमाडौं, २२ असार*

महोत्तरी, अवैध लागूऔषध गाँजा करिब ४ सय ८७ किलो १ सय ५ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मकवानपुर कैलाश गाउँपालिका-६ भकुण्डे बस्ने २१ वर्षीय विपस नेगी र सोही गाउँपालिका-१ क्यूरेनी बस्ने २४ वर्षीय साधुराम थिङ रहेका छन् । एकडारा गाउँपालिका-१ भटौलियामा ना.३ ख ६५९२ नम्बरको ट्रकबाट ४० किलो ३ सय ६० ग्राम गाँजा सहित चालक विपस र ट्रकमा सवार साधुराम पक्राउ परेका थिए । थप अनुसन्धानको क्रममा उनीहरूले ट्रकमा रहेको थप गाँजा महोत्तरी गाउँपालिका-४ रानी रतवडामा झारेको भन्ने खुल्न आएपश्चात जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरीले महोत्तरी गाउँपालिका-४ रानी रतवडा बस्ने ४२ वर्षीया लिलम देवीको घर तलासी गर्दा लुकाई छिपाई राखेको ३५ वटा प्लाष्टिकको पोकामा रहेको थप ४ सय ४६ किलो ७ सय ४५ ग्राम गाँजा फेला पारी बरामद गरेको हो ।

पर्सा, जगरनाथपुर गाउँपालिका-२ स्थित भित्री इनर्वा जाने चोकबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ १ सय २ किलो ६ सय ३८ ग्राम सहित भारत बिहार बेतिया नवलपुर बस्ने ३२ वर्षीय गुड्डु बर्मालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय जानकीटोलाबाट खटिएको प्रहरीले सोनवर्षाबाट भारततर्फ जाँदै गरेको बीआर ०१ सियू ३५४४ नम्बरको कारलाई जाँच गर्दा लुकाई छिपाई राखिएको १० वटा पोकामा रहेको उक्त परिमाणको पदार्थ फेला पारी चालक गुड्डुलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ३ सय ८ किलोग्राम गाँजा बरामद

*सुनसरी, २५ असार*

कोशी गाउँपालिका-७ स्थित केराबारी र भाण्टाबारीको बिच भागमा रहेको सप्तकोशी नदीको किनारबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ३ सय ८ किलोग्राम प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय भाण्टाबारीबाट खटिएको प्रहरीले ८ वटा प्लाष्टिकको पोकामा रहेको उक्त परिमाणको पदार्थ फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अन्य अपराध

### वन्यजन्तुको छाला ओसारपसार तथा खरिद बिक्री मुद्दाका फरार अभियुक्त पक्राउ

*काठमाडौं, ४ असार*

संरक्षित वन्यजन्तु ध्वाँसे चितुवाको छाला ओसारपसार तथा खरिद बिक्रीमा संलग्न रही फरार रहेका काठमाडौं तारकेश्वर नगरपालिका-८ बस्ने रसुवा उत्तरगया गाउँपालिका-९ घर भएका ३८ वर्षीय टेक बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत काठमाडौंबाट उक्त मुद्दामा पुर्पक्षका लागि केन्द्रीय कारागार सुन्धारा काठमाडौंमा रहेकोमा २०८२ भदौ २४ गतेको आन्दोलनमा भागी फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्युरोबाट खटिएको प्रहरीले तारकेश्वर नगरपालिका -८ जरङ्खुबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारबाहीको लागि केन्द्रीय कारागार सुन्धारा काठमाडौं पठाइएको छ।

## हातहतियार बरामद

### कटुवा पेस्तोल र एकनाले भरुवा बन्दुक बरामद

*काठमाडौं, २२ असार*

मोरङ ,लेटाङ नगरपालिका-४ पुरानो बसपार्कबाट कटुवा पेस्तोल २ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले उक्त पेस्तोलहरू फेला पारी बरामद गरेको हो।

पाँचथर ,मिक्लाजुङ गाउँपालिका-३ सल्लेरीस्थित केराबारी जाने सडक छेउबाट एकनाले भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय रवि र अस्थायी प्रहरी पोष्ट आरूबोटेबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### पेस्तोल र लागूऔषध सहित तीन जना पक्राउ

*रूपन्देही, २७ असार*

मायादेवी गाउँपालिका-६ गुरबनियाबाट पेस्तोल १ थान, गोली २ राउण्ड र अवैध लागूऔषध खैरो हेरोइन करिब २ सय ग्राम सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा लुम्बिनी साँस्कृतिक नगरपालिका-४ बस्ने २४ वर्षीय साराजुद्दिन मुसलमान, भारत उत्तरप्रदेश घर भएका ५० वर्षीय ईकवाल खान र भारत साधुनगर पोष्ट चतरा थाना शोहरत गढ सिदार्थनगर घर भएका ३४ वर्षीय राम दयाल शर्मा रहेका छन्।

लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वर, जिल्ला प्रहरी कार्यालय रूपन्देही समेतबाट खटिएको प्रहरीले उनीहरूलाई लागूऔषध खरिद बिक्री गर्दै गरेको अवस्थामा फेला पारी नियन्त्रणमा लिन खोज्दा उनीहरू मध्ये १ जनाले पेस्तोल निकाली प्रहरी उपर ताकेकोले प्रहरीले आत्मरक्षाको लागि गोली प्रहार गर्दा इकवाल खान घाइते भएका थिए। घाइते भएका ईकवाल भीम अस्पताल भैरहवामा उपचार पश्चात डिस्चार्ज भएका छन्। साथै प्रहरीले उनीहरूले प्रयोग गरेको युपि ३६ जेड ३१५८ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ६ थान भरुवा बन्दुक बरामद

*म्याग्दी, १६ असार*

रघुगंगा गाउँपालिका-५ स्थित झीँ सामुदायिक वनबाट भरुवा बन्दुक ३ थान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी पाखापानीबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो।

यसैगरी म्याग्दी, रघुगंगा गाउँपालिका-७ चिमखोला नजिकबाट भरुवा बन्दुक ३ थान प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी पोष्ट चिमखोलाबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### दुई थान भरुवा बन्दुक बरामद

*रोल्पा, ११ असार*

सुनिलस्मृति गाउँपालिका-६ गरगरेस्थित सल्लेरी पाखा सामुदायिक वनबाट एकनाले भरुवा बन्दुक २ थान प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय रोल्पाबाट खटिएको प्रहरीले बेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### सात थान भरुवा बन्दुक बरामद

*काठमाडौं, २ असार*

जाजरकोट ,बारेकोट गाउँपालिका-४ तहरास्थित ढोटाचौर सामुदायिक वनको ओढारबाट एकनाले भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय बारेकोटबाट खटएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

रूकुम पूर्व ,पुथा उत्तरगंगा गाउँपालिका-१ सिसिरूम भन्ने जंगलको ओढारबाट भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय रन्मामैकोटबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

यसैगरी रूकुम पूर्व, सिस्ने गाउँपालिका-४ सानी भेरी नदीस्थित फेरावनको ओढारबाट भरुवा बन्दुक ३ थान प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय रूकुम पूर्व समेतबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

यसैगरी रूकुम पूर्व ,सिस्ने गाउँपालिका-५ सिमलबोटस्थित चोरखोला भन्ने जंगलको ओढारबाट भरुवा बन्दुक १ थान मंगलबार बिहान प्रहरीले बरामद गरेको छ। प्रहरी बिट रूमालबाराबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

रूपन्देही ,तुलसीपुर उपमहानगरपालिका-१३ जुमिलकुला लेडुवा सामुदायिक वनबाट भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## १५ थान एकनाले भरुवा बन्दुक बरामद

*प्युठान , २ असार*

सरूमारानी गाउँपालिका-३ हंसपुरस्थित खडक सामुदायिक वनबाट एकनाले भरुवा बन्दुक १३ थान प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी बड्डाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो।

यसैगरी प्युठान, नौबहिनी गाउँपालिका-७ पातचौर पोखरास्थित खोलाको खोल्साबाट एकनाले भरुवा बन्दुक २ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय लुङबहाने र प्रहरी चौकी फोप्लीबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल सहित दुई जना पक्राउ

सुनसरी, २४ असार

गढी गाउँपालिका-१ मधेली झण्डा चोकबाट चाईनिज पेस्तोल १ थान, गोली ३ राउण्ड र म्याग्जिन १ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मोरङ विराटनगर महानरगरपालिका-१७ रानी बस्ती बस्ने ५१ वर्षीय नुर महोमद र सोही महानगरपालिका-८ असोक चोक बस्ने ३२ वर्षीय ईम्रान खान भन्ने मो. अहमद रहेका छन् । अस्थायी प्रहरी चौकी चाँदबेलाबाट खटिएको प्रहरीले  उनीहरूलाई उक्त पेस्तोल सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

### मुद्दा शीर्षक –डाँका चोरी, ज्यान मार्ने उद्योग तथा हात हतियार खरखजना सम्बन्धी कसुर

मिति २०८३।०२।२० गते राती अं. ०१:४५ बजेको समयमा जिल्ला महोत्तरी सोनमा गा.पा. वडा नं. ३ खखना दक्षिणबारी टोल बस्ने रामबिश्वास यादवको पक्की घरमा अं.५।६ जना अपरिचित व्यक्तिहरूले घर अगाडीको झ्यालको ग्रिल निकाली घर भित्र प्रवेश गरी चोरी गर्ने क्रममा निजको छोरी अं. वर्ष २२ की किरण यादव र ज्वाई जिल्ला महोत्तरी पिपरा गा.पा. वडा नं.२ बस्ने अं. वर्ष २७ को रामईश्वर नारायण यादवलाई अपरिचित व्यक्तिहरूले निजहरूलाई गोलि हान्दा श्रीमान/श्रीमती दुबै जना घाइते भई निजहरूको प्रादेशिक अस्पतालमा उपचार भईरहेको हुदाँ निज प्रतिवादीहरूलाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा वारदातमा संलग्न शेख अंसारुल, अफरोज शेख, शेष वारिक, क्रिस कुमार मेस्तर र नितेश कुमार यादव रहेकोले निज हरूको पहिचान गरी वारदातमा संलग्न क्रिश कुमार मेस्तर, शेष वारिकलाई पक्राउ गरी सम्पुर्ण अनुसन्धान पुरा गरी सम्मानित महोत्तरी जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित महोत्तरी जिल्ला अदालतको मिति २०८३।०३।३२ गतेको आदेशले निज प्रतिवादीहरूलाई पूर्पक्षको लागि कारागार चलान भएको र प्रतिवादी शेख अंसारुल, अफरोज शेख, नितेश कुमार यादव हाल फरार रहेकोले खो.त. कार्य भईरहेको ।

### मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८३।०२।१९ गते अन्दाजी १८:३० बजेको समयमा जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नम्बर ६ सेमरी स्थित ऐ.ऐ. बस्ने बर्ष अन्दाजी ४५ को तुल्सीराम विश्वकर्माले आफ्नै श्रीमती बर्ष अन्दाजी ४५ की उषा विश्वकर्मालाई कुटपिट गरी टाउकोमा धारिलो हतियार फरुवा (कोदालो) ले प्रहार गरी गम्भीर घाईते बनाएकोमा तत्काल उपचारको लागि कपिलवस्तु अस्पताल तौलिहवामा ल्याईएकोमा थप उपचारको लागि भैरहवा मेडिकल कलेज रुपन्देही लागि उपचार गराईरहेको अवस्थामा मिति २०८३।०२।२२ गते बिहान अन्दाजी ११:४५ बजेको समयमा चिकित्सकले मृत्यु घोषणा गरेको हुँदा प्रतिवादी तुल्सीराम विश्वकर्मालाई कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको मृतक र प्रतिवादीको छोरा वर्ष २० को भगौतीदाश विश्वकर्माको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८३।०३।१५ गतेको आदेशले प्रतिवादी तुलसीराम विश्वकर्मा पुर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान)

मृतक बर्ष ४८ को सुर्य बहादुर शाही बाटोमा रक्ताम्मे भई मृत अवस्थामा फेला परेको घटना सम्बन्धमा अनुसन्धान गर्दा मिति २०८३।०२।२७ गते साझँ अं.२०:२५ बजेको समयमा मृतक घटनास्थलमा मादक प्रदार्थ रक्सी सेवन गरी बाटोमा सुतेको अवस्थामा मृतकको श्रीमती राजकला शाही र निजको छोरा रुपेश शाहीले मृतकलाई ढुङ्गा प्रहार गरी ज्यान मारेको भन्ने खुल्न आएकोले कानून बमोजिम गरी पाउँ भन्ने व्यहोराको गणेश बहादुर शाहीको जाहेरी दरखास्त प्राप्त हुन आएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कालीकोट जिल्ला अदालत कालीकोटको मिति २०८३।०३।१९ गतेको आदेशले प्रतिवादी राजकला शाही र रुपेश शाहीलाई पूर्पक्ष लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८३।०३।१४ गते प्रतिवादी जिल्ला दोलखा गौरीशंकर गा.पा वडा नम्बर ४ बस्ने बर्ष २४ को जिक्मि भन्ने आङ जिक्मी शेर्पाले बर्ष १७ की परिबर्तित नाम १७ (२०८२-८३-४८) लाई ललाई फकाई गरी ज.ज.क गरेको भन्ने व्यहोराको जाहेरी प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित दोलखा जिल्ला अदालतको च.नं. ३२६५ मिति २०८३।०३।३० गतेको पत्र आदेशले निज प्रतिवादी कारागार चलान भएको।

### मुद्दा शीर्षक – अपहरण तथा शरीर बन्धक

मिति २०८३।०३।०१ गते बेलुका अ. १७:०० बजेको समयमा जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. ३ स्थित घरबाट मेरो छोरा वर्ष १६ को रिसव प्रसाद गुम्रा साइकलमा घुमेर आउछु भनी घरबाट निस्की गएकोमा ऐ, राती अं. २२:०५ बजेको समयमा बुवाको WhatsApp मा अपरिचित मानिसको ९७९६५२०३५५ नम्बरबाट मलाई गाडीमा राखी लगेको छ भनी हराएको छोराको भ्वाइस म्यासेज पठाएको, ऐ, ०२ गते बिहान अं. ०१:०७ बजेको समयमा सोही ९७१६५२०३५५ नम्बरबाट रू. २२,००,०००।- (बाइस लाख) रूपैयाँ फिरौती रकम माग गरी फिरौती रकम नदिए पीडितको ज्यान लिने समेतको धम्की दिएको भन्ने जानकारी पश्चात अपहरण गर्ने कार्यमा संलग्न ६ जनाको समूह जिल्ला काठमाण्डौँ टोखा मिलनचोकमा रहेको फ्यामेली होटलको कोठा नं. २०३ मा बसेको अवस्थामा एम.डि. साहिद समेतलाई फेला पारी पीडितलाई उद्धार गरी प्रतिवादीहरूलाई पक्राउ गरी कारवाहीको लागि दाखिला गरेको भन्ने व्यहोराको प्रहरी प्रतिवेदनले अनुसन्धान पश्चात पेश हुँदा सम्मानित चितवन जिल्ला अदालतको चलानी नं. १७७४४ मिति २०८३।०३।२५ गतेको पत्रले ३ जना बालक बाल सुधार गृह हेटौंडा चलान र च.नं. १७७४४५ को पत्रले ३ जना प्रतिवादी पुर्पक्षको लागि कारागार चलान।

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक रुपेन्द्र नारायण श्रेष्ठ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी सहायक हवल्दार विमल राना मगर

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**